**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०४/२०**

**छैटौं अधिवेशन**

**(छब्बिसौं वैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको छब्बिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

२. माननीय सदस्यहरु,

अब, सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नीयमावली, २०७४ को नीयम ५७ बमोजिम विशेष समय नीर्धारण गरेको छु । माननीय रण बहादुर रावललाई समय दिन्छु ।

माननीय सभामुख महोदय, आजको यो अधिवेशनमा उपस्थित साथिहरु, मन्त्री ज्यू लगायत आज नेपाली कांग्रेस संसदिय र राजपा दुइवटै दलको गत १० गते एउटा अबरुद्धको रुपमा हामीले एउटा बिबिध माग राख्यौ तर ति मागहरुको सन्दर्भमा सरकारले त्यति बेला सम्बोधन गर्न नसक्दा संसद बिभिन्न चरणमा अबरुद गर्न पर्यो यो बिदितै छ । माननीय सभामुख महोदय प्रदेश होईन सम्पुर्ण देश कोरोनाको कहरले त्रायमान अस्थामा छ, सुदुरपश्चिम सबैभन्दा जोखिममा भयको कारणले हामीले पहिलो प्राथमिकता बजेट बन्दा किन नहोस हरेक काम कारबाहिमा प्रदेश सरकारको कोरोनालाई मध्यनजर गरेर त्यसको आधारमा जनताको जीउँ सुरक्षाको सन्दर्भमा जिम्मा लीनुपर्छ र सबभन्दा संक्रमित प्रदेश पनि भएको हुनाले स्वास्थ्यका संरचना पनी कमजोर भएकोले स्वास्थ्यलाई बढि प्राथमिकता स्वास्थ्यलाई यसको पुर्बाधारहरुलाई प्राथमिकता दिने सन्दर्भमा हामीले आफ्ना बिशेस मागहरु राखेका थियौ त्यहि सन्दर्भमा बजेट पनी कमसेकम कोरोनामैत्रि र सन्तुलीत हुनुपर्छ र समग्र रुपमा सुदुरपश्चिमले यत्रो महामारी पर्दा त्यो महामारीको नीयन्त्रण नै नभय पनी दलमा व्यवस्थापनको सन्दर्भमा गम्भिर रुपले अगाडि बढ्नु पर्छ भनेर भेनेकै हो तत्पश्चात पनी सरकारले आफ्नै हिसाबले बजेटहरु ल्यायो पास पनी गर्यो त्यस पश्चात पनी अब धेरै चरणहरु पारीत भय हाम्रो मागलाई हामीले माननीय सभामुख महोदय मार्फत माननीय मुख्यमन्त्री ज्यु मार्फत सेवैका त्यहि कुरा छ यहि सन्दर्भमा आज पनी हाम्रो बिहान पनी हाम्रोमाननीय सभामुख महोदयकै रोहबरमा माननीय मुख्यमन्त्री ज्यु माननीय सामाजिक बिकास मन्त्री ज्यु र हामी विचमा फेरी यउटा बस्ने कार्यक्रम पनी भयकै हो यस सन्दर्भमा माननीय मुख्यमन्त्री ज्युले बजेटको पास भईसकेपश्चात अहिले सरकारले गर्नुपर्ने काममा बिशेस गरी कोरोनासम्बन्धित हाम्रा मागहरु जस्तो ९ जिल्लामा पिसिआर ल्याबहरु स्थापना गर्ने

सन्दर्भमा ४ वटा नाकाहरु बिशेस गरी ढार्चुला झुलाघाट गड्डाचौकि र गौरीफन्टामा चारवटा नाकाहरु होल्डिङ सेन्टरहरु होल्डिङ सेन्टरहरु केवल होल्डिङ सेन्टरको लागि मात्र नभयर त्यसको पुर्वाधारा हरु र विशेस गरी त्यहा स्वास्थ्य कर्मिहरु साथै रीकड किपिङ गर्ने स्टाफहरु सँगै राख्ने जसले गर्दा कुन ठाउबाट प्रवासि हरु आयका हुन तिनको स्वास्थ्य चेक गर्नुका साथसाथै कस्तो सिप र कस्तो सिपसँग संलग्न छन त्यसको बारेमा पनी रीकर्ड हरु राख्ने सन्दर्भमा त्यसपछि जो संक्रमित हरु जो १४ दिनपश्चात स्वाब टेष्ट गर्यो लीईसकेपश्चात रीजल्ट आयन बाहिर गय गाउमा गईसकेपछि रीजल्ट आयो पिसिआर पोजेटिभ देखिय यस्ता तमाम झन्डैझन्डै त्यसबेला ३५० जति थिय कैलालीको लम्किचुवा देखि लीयर ५८ जना त्यहा गौरीगंगामा १८ जना त्यसैगरी कञ्चनपुरमा १३ जना, बैतडिमा ६५ जना त्यसैगरेर ३५ जना बाजुरामा, त्यसैगरेर बझाङ डोटि बिभिन्न जिल्लामा थियो भने अहिले त झन बढेको छ तिनीहरुलाई यथाशिघ्र उहाहरुलाई फेरी लीयर आईसोलेशनमा राखेर फेरी टेष्ट गरेर ट्रिटमेन्ट गरेर घर फर्काईनु पर्छ साथसाथै ति जो संक्रमितहरु जो गाउगाउमा गयका छन विशेस गरी उसको परीवार र समाजमा भयको जो संक्रमण को जोखीम छ त्यलाई फेरी टेष्ट गर्ने र बिबिध गर्ने कुराहरुमा त्यो पनी हो यहि सम्बन्धमा हामीले जोड्यौ कोरोना सन्दर्भमा र भेन्टिलेटरको सन्दर्भमा पनी हामीले भन्यौ कमसेकम पनी दुईदुईवटा भयपनी जो महत्वपुर्ण अस्पतालहरु छन हामीले भेन्टिलेटर राख्नु पर्छ पनी भनेकै थियो त्यसपछि अर्को सन्दर्भमा भो भनेका थियो हामीले यो जो क्वारेन्टाईनहरु छन प्रवासिहरु जुन बेला आयो त्यसबेला पनी सरकारले संघिय सरकारको कारणले गर्दा प्रवासिहरुलाई आफ्ना नागरीकहरुलाई भित्र ल्याउन नसक्दा झन संक्रमण बढेको कुरा सबैलाई थाहै छ त्यस सन्दर्भमा पनी हामीले ति होल्डिङ सेन्टर भैदियको भय राम्रो हुन्थ्यो होला र तिनलाई व्यववस्थित ठाउमा पालीका पुर्याउदा व्यवस्थित तरीकाले सादन सहि सादनले पुर्याउदा राम्रो हुन्थ्यो होला त्यो पनी मिस भयकै हो दम्फर मा पठाउने ट्र्याक्टरमा पठाउने काम भयो यि यावत कुराहरुले गर्दा क्वारेन्टाईनमा पनी स्थानीय सरकारले केहि राम्रो गरकै देखियकै हो तर स्थानीय सरकारले राम्रो गरेतापनी उनले के गरे त भन्दा खेरी आफुसँग भयको स्रोत साधन राम्रोसाँग कति प्रयोग गरे गरेनन् त्यो बारेमा कुनैपनी सभासदहरुलाई त्यति प्रस्ट रुपले ज्ञान थियन हामीले त्यसैले क्वारेन्टाईनको बिकासका सन्दर्भमा जरुरतसँग मापदण्ड थियो त्यसलाई संघिय सरकारले अवलम्बन गरेर त्यहिलाई हुबहु कार्यन्वयनको लागि प्रदेश सरकार र स्थानीय सरकारलाई पठायकै हो त्यो कार्यन्वयनको सन्दर्भमा १५ जनाको विचमा यउटा ट्वाईलेट हुनुपर्ने त्यसतै यावत कुराहरु हुनुपर्ने सन्दर्भमा त्यो संरचना नबनाउदा आज छिस्कने र यउटा राम्रो नहुदा यउटा महिला जो लम्कि चुवा नगरपालीकाको क्वारेन्टाईनमा यउटा छिस्कने समेत नहुदा बलतकृत हुनुपर्यो स्वास्थ्यकर्मी मार्फत यि पिडाहरु सवले बुजेकै कुराहरु हो यसकारण त्यो पुरवाधारहरु जति अब धेरै संख्यमा

परवासिहरु आका छैनन् जति आका छन अब कम भाको हुनाले जति सक्छ नीर्वाचन क्षेत्रहरुको बिच बिच पारेरकम भयपनी कमसेकम व्यवस्थित क्वारेन्टाईन बनायर बनाउनुपर्ने हामीले माग राखेकै हो तसपछि हामीले भन्यौ यो सन्दर्भमा बिगत देखि अहिले सम्म प्रदेश सरकारले गरेको नीर्णयमा स्थानीय  सरकारमा जादा स्थानीय सरकारले प्रदेस सरकार छ कि छैन भन्ने खालको बारम्बार प्रश्न उठाईरहदा हामीले भन्यौ प्रदेश सरकारले कति खर्च गर्या छ बुज्दै जादा ९३ करोड को कर्च जोडयो संघिय सरकारले पठायको प्रदेश सरकारले आफै ४० करोडको त यउटा फन्ड नै बनायको लगायत यो सबै जोड्दाहामीले पायको सुचना अनुसार ९३ करोडको कुराहरु थियो त्यस सन्दर्भमा जति करोड हो स त्यो करोडहरुको कहा खर्च भो त क्वारेन्टाईनको पुर्वाधार बनाउनमा खर्च भोकि आईसोलेशन वाड बनाउदा खर्च भोकि या टेष्टिङ सामग्रि खरीद गर्दा खर्च भोकि त्यमा खर्च भोकि या पिसिआर मेसिनमा खर्च भो त्यस सम्बन्धमा मा यथाशिघ्र तपाईहरुले यो गरीमामय सदनमा पेश गर्नुस भनेकै हो माननीय सभामुख महोदय अब यहि सन्दर्भमा अर्को कुरा यसको प्रष्ट रुपले यो गरीमामय सदनमा ९३ करोड होस या जति करोड होस कोरोनाको नाममा गरीयको छ तय्स करोड भित्र त्यत्रो खर्च हुदा यउटा पिसिआर मेसिन किनेको थियन हो सुकै पिसिआर मेसिन को ४०-४५ लाख पर्छ ९ जिल्लामा भन्दाखेरी ९ चौको ३६ ५ करोड १० करोड भय फालाफाल हुने थियो त्यसै सन्दर्भमा हामीले भन्यौ यो भयन तपाईहरुले प्रष्ट रुपमा यहा राख्रुस भन्यौ त्यसपछि अर्को यो समग्र रुपमा हेर्दा यउटा के भन्यो भने ल ५३ जना सभासद यहा छन ३२ वटा नीर्वाचन क्षेत्र छन ३२ वटा नीर्वाचनमा प्रत्यक्ष नीर्वाचित र समानुपातिक गर्दा खेरी आज यत्रो कोरोनाको कहर यत्रो माहामारी हुदाखेरी प्रदेश सभाका माननीय हरु टुलुटुलु हेर्ने स्थिती स्थानीय सरकारले आफ्नो स्थिति जाने र प्रदेश सरकारका माननीयहरु यउटा मुख दर्शक जस्तो उभिनुपर्ने स्थिति त्यसकारण हामीले भन्य थियौ हरेक नीर्वाचन क्षेत्रमा यो सरकारले कमसेकम अनुगमन तथा सुझाब समिति बनावस । जसको प्रत्यक्ष नीर्वाचित र समानुपातिक र त्यहाको पालीकाका र साथै त्यहाको सरकारको प्रतिनीधिहरु, कर्मचारीहरु पनी त्यस समितिमा बनोस ३२ वटा नीर्वाचन क्षेत्रमा अनुगमन र सुझाब समिति बनोस भनेकै हो । त्यसपछि यो कुराहरुको बापजुत हामीले के भन्यौ भन्दाखेरी यउटा प्रदेशको सभा र प्रदेश सरकार, प्रदेश सरकार व्यवस्थापिका र कार्यपालीका हो भने प्रदेश सभा प्रदेश सचिवालय व्यवस्थापिका हो । प्रदेश संविधान त प्रदेश सभा र प्रदेश सरकारको बिचमा प्रदेश सभा भनेको प्रदेश सरकारको जननी हो प्रदेश सरकार भनेको प्रदेश सभाबाट गयका मान्छेहरुले बनेको यउटा मन्त्री परीषद हो त्यसमा माननीय मुख्यमन्त्री प्रमुख हुनुहुन्छ प्रदेश सभाको प्रदेश सचिवालयले यहाका जति पनी समिति हरु छन मिनी पार्लेमेन्सहरु र जति पनी हाम्रा संसदिय दलका अफिसहरु छन । त्यसको पुर्णतया यहाको सभामुख को नेतृत्वमा उपसभामुखले तोक्ने गर्छ यहाँ यउटा प्युन साधारण कार्यालय सहयोगि राख्दा खेरी यउटा मन्त्रीको चाकरी गर्नुपर्ने

स्थिति यो प्रदेश सभामा आयो त्यसकारणले गम्भिर त्रुटि आयको छ । यो संविधानीक हिसाबले पनी यलाइ जुन हिसाबले हेर्ने दृष्टिकोण सरकारले हेर्ने दृष्टिकोण शाखा, महाशाखा मा भयो यो गलत हो यसमा सुधार गर्नुपर्छ प्रदेश सरकारबाट जसरी पनी प्रस्ताव हरु गयका छन धेरै अध्ययन अनुसन्धान गरेर ५३ जनाको म्यान्डेट गरेर काम भयको हुनाले त्यलाई तपाईले हुबहु मात्र पालना गर्नुस होईन भने खबरदार भनेकै हो । प्रदेस सभाको सचिवालय कार्यकारी सचिव कार्यकारी र पर्देश सभाको सचिवको त हको हकमा पनी यहा बिभेद गरीयको छ त्यो तहको हकमा पनी माननीय सभामुख ज्यु लगायत सम्पुर्ण ज्युले धेरै अध्ययन गरेपश्चाताप पनी यहा बारम्बार पठायकै हो तत्पश्चात पनी सरकारले सिनेकै छैन तय्सको हामीले भनेकै हो त्यसकारण हामीले यि यावत कुराहरु हामीले उठाका हौ यस सन्दर्भमा आज बिहान हाम्रो गहन छलफल पनी भो त्यसमा हाम्रो माननीय मुख्य मन्त्री ले बजेटको सन्दर्भमा पास भईसकेपश्चात जेजति त्यहाबाट सुधार गर्न सकिन्छ अहिलेको सुधारगर्ने पक्षमा त हामीले पनी आसा अपेक्षा गरेका छेनौ हाम्रो बजेट सम्बन्धि पनी धेरै लेखाजोखाको हिसाब भन्दा पनी कोरोना मैत्रि बनाउनुस सन्तुलीत बनाउनुस भनेकै हौ र त्यस सन्दर्भमा जति पनी कोरोनासँग जोडियका कुराहरु र संविधानीक हिसाबमा प्रदेश सभा र प्रदेश सरकारको बिचमा जुन किसिमको छ त्यस बिडयमा उहाले म पुर्ण तय कटिबद भयर ९ जिल्लामा पिसाआर ल्याब राख्ने सन्दर्भमा किन नहोस अहिले कतिपय ठाउमा हामीले शुरु पनी गरीसकेका छौ कति पय ठाउमा मेसिनहरु आउने क्रम पनी जारी छ त्यसकारण यो टेष्टको दायरा हामी ब्यापक रुपमा बढाउछौ र ९ जिल्लामा त्यो राख्ने यउटा कटिबद हामी भन्छौ भन्नु भाको छ त्सपछि आईसोलेशन वाडका कुरा त्यसपछि क्वारेन्टाईन को गुणस्तर बढाउने कुरा त्यसपछि गयर संक्रमितहरुलाई तत्कालै फेरी पुन ल्यायर तिनलाई कमसेकम फेरी पुन टेष्ट गरेर फेरी पुन पोजेटिभ देखियो भने ट्रिटमेन्ट गर्ने यदि नेगेटिभ देखियो भने घरमा पठाउने कुरामा उहाले पुर्णतया सहमति यसमा हाम्रो माननीय सभामुख ज्युको नेतृत्वमै त्यो देखिएको हो र माननीय सामाजिक बिकास मन्त्री ज्युको पनी उपस्थिति थियो नै अब यहि सन्दर्भमा तपाईहरुले भन्नु होला कि यत्रो हाम्रो संसद अबरुद हुनुपर्ने स्थिति आयो त्यसपछि के कारणले तपाईहरु अज सहमतिमा आउनु भो? भन्ने कुरा हरु पनी आउला परीस्थित समग्र रुपमा हामीले मुल्याङ्कन गर्यौ र हामीले जति पनी बिगतमा बजेट पास गर्ने सन्दर्भमा हाम्रो ठम्याई यउटा संविधान त हामीले त्यलाई यति राम्रो मानेका छैनौ यउटा शंघियताको हिसाबले पनी वास्तवमा संसद भनेको प्रतिपक्षको हो संसद हुन्छ । प्रतिपक्षहरुको सहमति बिना हुनु राम्रो त होईन त्यसमा हाम्रा अरु कुराहरु त बाकि नै छन तत्पश्चात पनी अब यो संसदलाई अब सदाका लागि बन्धक बनाउने हाम्रो जिम्मेवारी पनी यउटा लोकतान्त्रिक पार्टिको दुईटै पार्टि नेपाली काङग्रेस संसदिय दल नेपाली यउटा राजपा राष्ट्रिय जनता पार्टि अहिले जनता समाजवादि पार्टि पनी भयको छ । त्यो हामीले दुईटै को सहमति भयो कि कमसेकम माननीय सभामुख

ज्युको नेतृत्वमा र अर्को माननीय मन्त्री जि स्वयम उपस्थित भयर यो कोरोनाको समयमा हामीले यावत तपाईहरुले भनेको भन्दा अज बढि गर्छौं हामी यो कमिटमेन्टका साथ गर्छौं र संसदमा माननीय मुख्यमन्त्री स्वयम आयर बोल्ने सन्दर्भमा समय मिलार आउनुपर्ने भो त्यसमा हामीले के रीयलाईज भो भन्दा खेरी अहिले को अवस्था केवल कोरोनाको कारणमात्र होईन अहिले यो देश प्रदेश पुर्णतया यकातिर माथि पहाड तिर पहिरोको अवस्था छ गम्भिर अवस्था छ, हजारौ मान्छे घरबार बिहिन भयका छन, धेरैले मृत्युबरण गर्नुपर्ने अबस्था छ त्यसै गरी तराईमा हेर्नुहुन्छ । अहिले जोशिपुर लगायत त्यो तल त्यो बेल्ड हेर्नुहुन्छ भने सबै हुलाकि सडकमा खुला आकास मुनी बसिरहेको अवस्था छ यो समग्र स्थितिले प्रदेश अहिले यकदमै बहुतै गम्भिर मोडमा छ त्यसकारण ति कुरालाई पनी सम्बोदन हर्नु पर्ने । यहि सभामा छलफल गर्नुपर्ने र कोरोनाको छलफल पनी गर्नुपर्ने र यावत कुरामा सवै माननीय सभासदहरुले पनी आफ्ना कुरालाई फनो क्षेत्रका कुरालाई पनी राख्न पर्ने वातावरण बनोस र त्यसमा हामीले सरकारले जो कमिटमेन्ट गरेको छ र गर्ने अवस्थामा भोली कुन बेला हुन्छ माननीय मुख्यमन्त्री जि ले गर्छु भन्नु भा छ । त्यो सन्दर्भमा हामीले पोजेटीभ भयर यो संसद सञ्चालन गर्न हामीले सहमति जनायका छौ अब यो मागका सन्दर्भमा मलाई लाग्छ माननीय मुख्यमन्त्री ज्यु यो सरकार गम्भिर भयर अगाडि आउछ भन्ने विश्वास लीयका छौ र आउदा दिनहरुमा फेरी पुन हामीलाई बाध्य भयर यो सदनलाई अबरुद गर्न पर्ने परीस्थिति या हामीले बाध्य भयर अन्यअन्य कुराबाट अबरुद गर्ने परीस्थिति बन्यो भने यसको जिम्मेवारी स्वयम सरकारले लीनुपर्छ भन्ने म यहा पुर्ण हृदय देखि भन्न चाहान्छु । यति भन्दै आजको यो सन्दर्भ जुराई दिनुभएको मा माननीय सभामुख ज्युलाई म फेरी धन्यबाद दिनचाहान्छु र माननीय मुख्यमन्त्री ज्युले साच्चिकै कमिटमेन्ट गरेअनुसार काम गर्नुस यो शुभकामना छ । माननीय मन्त्री जि पनी यहा हुनुहुन्छ, उहालाई पनी शुभाकामना छ, समग्ररुपमा सधैको राजनीति भन्दा यकस्टेप माथि गयर अहिलेको समग्र परीस्थिति चुनौतिलाई सामना गर्न हामी सब एकजुट भएर लाग्ने हामी प्रभावकारी ढंगका साथ अगाडि आएका छौ यति भन्दै बिदा हुन्छु हवस्त धन्यबाद । नमस्कार जय नेपाल

३. माननीय सदस्यहरु,

आज नीर्धारण गरीएको विशेष समय यही समाप्त हुन्छ ।

४. माननीय सदस्यहरु,

अब "प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक,२०७६" माथिको कारबाही प्रारम्भ हुन्छ।

५. माननीय सदस्यहरु,

प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०५ बमोजिम कुनै पनी माननीय सदस्यको **"प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक, २०७६"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

६. माननीय सदस्यहरु,

अब, सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०६ को उपनीयम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित "प्रदेश बालबालीका सम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक, २०७६" लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, बालबालीकाको अधिकार सम्मान संरक्षण प्रबर्दन र परीपुर्ति गर्न बालबालीकाको हक र हितको संरक्षण गर्न बालबालीकाको शारीरीक मानसिक बौदिक बिकासको समायानकुल गर्न यो पर्देशमा अति आवश्यक भयकोले प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक सम्मानीत सदनमा दर्ता गरायको थियौ सो सम्बन्धामा माननीय सभामुख महोदय प्रदेश बालबालीका व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि कुनै पनी माननीय सदस्य ज्युहरुले बिरोधको सुचना दर्ता नगराई विधेयकलाई सभासमक्ष टेबुल गर्न मार्ग प्रशस्त गर्दिनुभयकोले सम्पुर्ण माननीय सदस्य ज्युहरुलाई धन्यबाद ज्ञापन गर्दछु । यस प्रदेशमा बालाबालीका सम्बन्धि विधेयक मैले अगि भनेजस्तै अत्यावश्यक भयकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रदेश सरकारले सचिवालयमा दर्ता गरायको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु माननीय सभामुख ज्युबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भयकोले प्रदेश सभाम नीयमावली २०७६ को नीयम १०२ बमोजिम प्रदेश बालबालीका सम्बन्धि व्यवस्था गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्दछु, धन्यबाद ।

७. माननीय सदस्यहरु,

**"प्रदेशबालबालीकासम्बन्धी व्यवस्था गर्न बनेको बिधेयक, २०७६"**माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

८. माननीय सदस्यहरु,

अब **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७७"** माथिको कारबाही प्रारम्भ हुन्छ ।

९. माननीय सदस्यहरु,

प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०५ बमोजिम कुनै पनी माननीय सदस्यको **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७७"** लाई **सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु।**

१०. माननीय सदस्यहरु,

अब, भौतिक पूर्वाधार विकास मन्त्री माननीय पठान सिंह बोहरालाई प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०६ को उपनीयम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको**बिधेयक, २०७७" लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु।

माननीय सभामुख महोदय, सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक २०७७ माथि  कुनै पनी माननीय माथि कुनै पनी माननीय सदस्य ज्युहरुले बिरोधको सुचना दर्ता नगराई विधेयकलाई सभासमक्ष टेबुल गर्न मार्ग प्रशस्त गर्दिनु भयकोले सम्पुर्ण माननीय सदस्य ज्यु हरुलाई धन्यबाद ज्ञापन गर्दछु । यस प्रदेशमा प्रदेश अनुसन्धान तथा प्रदेश प्रतिष्ठान को आवश्यकता महसुस प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रदेश सरकारले सचिवालयमा दर्ता गरायको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु । माननीय सभामुख ज्युबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भयकोले प्रदेश सभा नीयमावली २०७४  को नीयम १०६ को उपनीयम २  बमोजिम सुदुरपश्चिमप्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा  व्यवस्था गर्न बनेको विधेयक  २०७७ सभासमक्ष टेबुल गर्दछु, धन्यबाद ।

११. माननीय सदस्यहरु,

**"सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

१२. माननीय सदस्यहरु,

अब **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही प्रारम्भ हुन्छ।

१३. माननीय सदस्यहरु,

प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०५ बमोजिम कुनै पनी माननीय सदस्यको **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

१४. माननीय सदस्यहरु,

अब,आन्तरीक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहको तर्फबाट सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुवेदीलाई प्रदेश सभा नीयमावली, २०७४ को नीयम १०६ को उपनीयम (२) बमोजिम संक्षिप्त वक्तव्य सहित **"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, प्रदेश लोकसेवा आयोग माथि कुनै पनी माननीय सदस्य ज्युहरुले बिरोधको सुचना दर्ता नगराई विधेयकलाई सभासमक्ष टेबुल गर्न मार्ग प्रशस्त गर्दिनु भयकोले सम्पुर्ण माननीय सदस्य ज्युहरुलाई धन्यबाद ज्ञापन गर्दछु । यो विधेयकलाई संशोधन गर्न भयकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रदेश सरकारले सचिवालयमा दर्ता गरायको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहान्छु माननीय सभामुख ज्युबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भयकोले प्रदेश सभा नीयमावली २०७४ को नीयम १०६ को उपनीयम २ बमोजिम प्रदेश लोकसेवा ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक सभासमक्ष टेबुल गर्दछु, धन्यबाद ।

१५. माननीय सदस्यहरु,

**"प्रदेश लोकसेवा आयोग ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

१६. माननीय सदस्यहरु,

अब, विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय नेपालु चौधरीलाई प्रदेश सभा नीयमावली, २०७४ को नीयम ११९ बमोजिम **"रेडियो, एफ.एम. तथा टेलीभिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथि दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति

२०७७।०४।१६

प्रदेश सभा, सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली, नेपाल ।

**विषयः रेडियो ,एफर टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक .एम. ।**

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७६२३/१०/ गते बसेको पाँचौं अधिवेशनको छैंटौ बैठकको निर्णय अनुसार बिधायन तथा प्रदेश मामिला समितिमा दफावार छलफलका लागि समितिमा पठाईएको बिधेयक माथि बिधायन तथा प्रदेश मामिला समितिको ४९औ ,औ५० ,५१औ,५२ र ,औं र ५३औं बैठकमा विधेयक माथि विस्तृत रुपमा दफावार छलफल गरी तपशिल बमोजिमका संशोधन र थप गर्नुपर्ने समितिको निर्णय सहितको प्रतिवेदन पेश गरेका छौं ।

दफावार छलफलका क्रममा समितिका बैठकहरुमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू , माननीय सदस्यज्यूहरु, सम्वन्धीत विषयका विज्ञ र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

<u>देहायः-</u>

१सदस्य - रण बहादुर रावल 0माननीय .

२ तारालामा तामाङ्ग0माननीय .–सदस्य

३ श्यामलाल राना थारु0माननीय .–सदस्य

४ बीरमान चौधरी0माननीय .–सदस्य

५ लीलाधर भट्ट0माननीय .–सदस्य

६ मालामती कुमारी राना थारु0माननीय .–सदस्य

७ शान्ती नेपाली0माननीय .–सदस्य

८ कुलबीर चौधरी0माननीय .–सदस्य

९ उमा कुमारी बादी 0माननीय.–सदस्य

१० प्रकाश रावल0माननीय.–सदस्य

**विशेष आमन्त्रीत**

११ कानून मन्त्री प्रकाश बहादुर शाह0माननीय .आन्तरिक मामिला तथा कानून मन्त्रालय

**आमन्त्रीत**

१२. श्री तेज प्रकाश जोशी उप सचिव कानून आन्तरिक मामिला तथा कानून मन्त्रालय-

## रेडियो .एफ .एम.र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि थप गर्नु पर्ने बिषय

| | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | ३ | <u>वोर्डको गठन</u> : १) प्रदेश भित्र रेडियो, एफ एम र टेलिभिजनको प्रभावकारी व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण एवं नियमन गर्न एक प्रदेश मिडिया वोर्ड रहनेछ ।<br>२) उपदफा (१) बमोजिमको प्रदेश मिडिया वोर्डमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् :<br>क) मन्त्री, मन्त्रालय - अध्यक्ष<br>ख) सचिव, मन्त्रालय -सदस्य<br>ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय -सदस्य<br>घ) अध्यक्ष, नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश समिति - सदस्य<br>ङ) सुरक्षा समन्वय महाशाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव | हटाएको | बोर्ड आबस्यक नभयकोले कोर्डको काम मन्त्रालय लाई दिएको |

| | | | | |
|---|---|---|---|---|
| २ | ४ | **<u>प्रदेश मिडिया वोर्डको काम कर्तव्य र अधिकार</u>** : १) प्रदेश मिडिया वोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।<br>क) प्रदेश भित्र रेडियो, एफ. एम. र टेलिभिजनको सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आवश्यक नीति तर्जूमा गर्ने ।<br>ख) रेडियो एफ. एम. र टेलिभिजन प्रसारण ईजाजत सम्बन्धी कार्य गर्ने ।<br>ग) प्रसारण ईजाजत शुल्क, रोयल्टी र दस्तुर आदिको निर्धारण गर्ने ।<br>घ) रेडियो तथा एफ.एम. को वर्गीकरण सम्बन्धी कार्य गर्ने ।<br>ङ) रेडियो, एफ एम र टेलिभिजन सञ्चालन तथा प्रशारण सम्बन्धी मापदण्ड निर्धारण गर्ने ।<br>च) सञ्चालित रेडियो, एफ. एम. र टेलिभिजनको अनुगमन गर्ने ।<br>छ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।<br>२) उपदफा (१) को खण्ड (ग) बमोजिमको प्रसारण ईजाजत शुल्क, रोयल्टी र दस्तुर आदि निर्धारणको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छ ।<br>३) प्रदेश मिडिया वोर्डको सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ ।<br>४) वोर्डले आवश्यकता अनुसार रेडियो, एफ.एम. र टेलिभिजन क्षेत्रका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।<br>५) प्रदेश मिडिया वोर्डको वैठक सञ्चालन सम्बन्धी कार्यविधि वोर्ड आफैले निर्धारण गरे वमोजिम हुनेछ ।<br>६) रेडियो तथा एफ.एम. को वर्गिकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ | **हटाएको** | बोर्ड नभएकाले आबस्यक नभएको |
| ३ | ७ | (ङ)बोर्डले तोकेबमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा राजश्र खातामा निवेदन दस्तुर जम्मा गरेको बैक भौचर गरेको। | तोकिए बमोजिमको निवेदन दस्तुर बुझाएको नगदी रसिद वा राजश्र खातामा निवेदन दस्तुर जम्मा गरेको बैक भौचर गरेको। | बोर्ड नभएकोले नियमावलिको व्यवस्ता |
| ४ | ११ | **<u>प्रसारण केन्द्रको स्थापना सम्बन्धी व्यवस्था</u>** : (१) कुनै व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतको लागि दफा (७) को उपदफा (२) बमोजिमका कागजात संलग्न गरी वोर्डले तोकेको दस्तुर बुझाई | कुनै व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धी | बोर्ड नभएकोले नियमावलिको व्यवस्ता समेटिए |

| | | | | |
|---|---|---|---|---|
| | | निवेदन दिनुपर्नेछ | प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा इजाजतको लागि दफा (७) को उपदफा (२) बमोजिमका कागजात संलग्न गरी दस्तुर बुझाई निवेदन दिनुपर्नेछ | को |
| ५ | १२ | **१२. <u>नवीकरण सम्बन्धी व्यवस्था</u>** : (१) प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्रमा प्रसारण इजाजतपत्र नवीकरण गर्नुपर्नेछ । नवीकरण वापत बुझाउनु पर्ने शुल्क वा दस्तुर बोर्डले निर्धारण गरे बमोजिम हुनेछ । | )प्र त्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्रमा प्रसारण इजाजतपत्र नवीकरण गर्नुपर्नेछ। नवीकरण वापत बुझाउनु पर्ने शुल्क वा दस्तुर तोकीए बमोजिम हुनेछ । | बोर्ड नभएकोले नियमावलिको व्यवस्ता समेटिएको |
| ६ | १३ | | (ढ) दिगो विकास सम्बन्धि महत्वपूर्ण कार्यक्रमहरु | साविकको व्यवस्तामा ढ थपगर्नु पर्ने हुदा |

| | | | | |
|---|---|---|---|---|
| ७ | दफा१७(२) को सजाय | (२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई वोर्डले वा वोर्डले तोकेको अधिकारीले निर्णय गरी दश हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ | (२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम, विज्ञापन, समाचार सामग्री प्रसारण गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई मन्त्रालयले दश हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ। | बोर्ड नभएकोले मन्त्रालय राखि स्पष्ट पारिएको । |
| ८ | दफा१७(४) को सजाय | कसैले उपदफा (२) बमोजिमको सजाय हुने काम पुनः गरेमा बोर्डले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई शुरु सजायको दोब्बर सजाय गर्न सक्नेछ । | कसैले उपदफा (२) बमोजिमको सजाय हुने काम पुनः गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई शुरु सजायको दोब्बर सजाय गर्न सक्नेछ । | बोर्डको धारणा नभएकोले |
| ९ | १८ | **<u>पुनरावेदन</u>** : यस ऐन बमोजिम प्रदेश सरकार वा मन्त्रालय वा वोर्ड वा तोकिएको अधिकारीले दिएको आदेश वा सजाय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ । | यस ऐन बमोजिम प्रदेश सरकार वा मन्त्रालयले दिएको आदेश वा सजाय उपर चित्त नबुझ्ने | बोर्ड वा भन्ने शब्द हटाएको |

| | | | | |
|---|---|---|---|---|
| | | | पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ | |
| १० | २० | **<u>अधिकार प्रत्यायोजन</u>** : मन्त्रालय वा वोर्डले आफुमा निहित अधिकारमध्ये केहि अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ । | मन्त्रालयले आफुमा निहित अधिकारमध्ये केहि अधिकार कुनै अन्य अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ । | बोर्ड भन्ने शब्द हटाएको |
| ११ | दफा५ देखि२३ | दफा५देखि२३सम्मका दफाहरु | दफा ५ देखि २३ सम्मका दफाहरुलाई दफा ३ देखि २१ सम्म कायम गरिएको | दफा३र४ हटाएकोले दफा ५लाई३ काएम गर्दा क्रमस दफा२३ लाई २१ काएम गरिएको |
| १२ | अनुसूची-१ र अनुसूची-२ | दफा ९ को उपदफा(१) सँग सम्बन्धित र दफा ९ को उपदफा(१) सँग सम्बन्धित | दफा ७ को उपदफा(१) सँग सम्बन्धित र दफा ७ को उपदफा(१) सँग सम्बन्धित | दफा ९ को ठाउमा दफा ७ हुनगएको |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप गर्नुपर्ने  विषयहरु समाबेस गरि रेडियो एफ एम र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ,२०७६ मा समावेश गरी उक्त विषयलाई विधेयकको अंग बनाई सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिमको प्रदेश सभा नियमावली २०७४ को नियम १६० बमोजिम यो प्रतिवेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिवेदन तयार गर्न सहयोग पू-यारउँने सम्पुर्ण बिधायन तथा

प्रदेश मामिला समितिका माननीय सदस्यज्यूहरु र सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

<u>प्रस्तुतकर्ता</u>
माननीय नेपालु चौधरी
सभापति
बिधायन तथा प्रदेशमामिला समिति
सुदूरपश्चिम प्रदेश धनगढी कैलाली
मिति २०७७।04।16

१७. माननीय सदस्यहरु,

**"रेडियो, एफ.एम. तथा टेलीभिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६"** माथिको आजको कारबाही यही समाप्त हुन्छ ।

१८. माननीय सदस्यहरू,

आजको बैठकको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७७ साल श्रावण २२ गते बिहिबार दिउँसो ३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु।